# हरिहरपुरगढी गाउँपालिकाको गाउँसभाको अधिवेशनमा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को

# वजेट वक्तव्य


## हरिहरपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

झनझने, सिन्धुली

बागमती, प्रदेश

# हरिहरपुरगढी गाउँपालिकाको गाउँसभाको बैठकमा

# उपाध्यक्ष श्री चेख बहादुर थिङद्धारा प्रस्तुत

## आ. ब. २०८३/०८४ को बजेट वक्तब्य

हरिहरपुरगढी गाउँपालिका

झनझने, सिन्धुली

## २०८३ असार, ०५

**आदरणीय अध्यक्षज्यू ,उपस्थित सभा सदस्यज्यूहरु,**

१. नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ को व्यवस्था वमोजिम यस हरिहरपुरगढी गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभामा हरिहरपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय र व्ययको विवरण प्रस्तुत गर्न पाउदा गौरवको अनुभूती गरेको छु ।

२. यो महत्वपूर्ण घडीमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा जनताहरुवाट भएका सशस्त्र संघर्ष, विभिन्न जनआन्दोलनहरु तथा जेन्जी विद्रोह लगायतका राजनैतिक क्रान्तिका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने तमाम ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । साथै घाईते अपाङ्ग, वेपत्ता नागरिकहरुप्रति उच्च सम्मान सहित उहाँहरुको परिवारजनप्रति गहिरो सहानुभूति प्रकट गर्दछु । नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको सन्दर्भमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण अग्रज राजनितिकर्मीहरु प्रति सम्मान प्रकट गर्दछु ।

३. नेपालको संवैधानिक परिकल्पना अनुसारको लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई सुदृढिकरण गर्दै जनताहरुको घर आँगनमा रहेको सरकार मार्फत सुशासन सहितको विकास र संमृद्धि हासिल गर्न विश्वव्यापी रुपमा देखिएको आर्थिक मन्दीवाट हाम्रो पालिकाको समग्र वजेट प्रणालीलाई पारेको प्रभाव स्वरुप उत्पन्न परिस्थितिका

वीच उपलव्ध स्रोत साधनलाई अधिकतम ढंगले परिचालन गरी पालिकाबासीको जिवनस्तर सुधारका लागि आर्थिक समृद्धि उन्मुख अर्थतन्त्र निर्माणमा सघाउ पु-याउने उद्देश्यका साथ बजेट तर्जुमा गरेको छु ।

४. लोकतान्त्रिक अभ्यास मार्फत जनअनुमोदित भई पालिकाको मुहार फेर्ने जिम्मेवारी वहनका सिलसिलामा अग्रसर सम्पूर्ण जनप्रतिनिधीज्यूहरु प्रति सम्मान व्यक्त गर्दछु ।

५. आगामी आर्थिक वर्ष २०८३/०८४ को वजेट तर्जुमा गर्दा नेपालको संवैधानिक व्यवस्था, नेपाल सरकारको आर्थिक वर्ष २०८३/०८४ को वजेट, वागमति प्रदेश सरकारको आर्थिक वर्ष २०८३/०८४ को वजेट, हरिहरपुरगढी गाउँपालिका सरकारले सम्मानित सभा समक्ष पेश गरेको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, वडा पालिका, गाउँ कार्यपालिका, गाउँसभा सदस्य तथा राजनैतिक दल, नागरिक समाजवाट प्राप्त सुझावहरुलाई आत्मसात गरेको छु ।

अध्यक्ष महोदय,

चालु आर्थिक वर्षमा र संघीय सरकारवाट प्राप्त हुने अनुदान तथा आन्तरिक राजश्व अपेक्षित रुपमा प्राप्त हुन नसकेको कारण यस आ.व.मा जनअपेक्षित रुपमा विकास निर्माणको क्षेत्रमा उल्लेख्य वजेट विनियोजन हुन सकेन । योजना संचालनमा विलम्व भई आर्थिक वर्षको अन्तिम भुक्तानीमा चाप पर्ने गरेकोमा यस आर्थिक वर्षमा सीमित योजना कार्यक्रम भएका र जेष्ठ मसान्त भित्रै उपभोक्ता समिति मार्फत संचालन हुने सम्पूर्ण योजना सम्पन्न गरि सक्ने नीतिलाई कडाईका साथ अवलम्व गरिएको कारण सम्पूर्ण उपभोक्ता समितिहरुले कार्य सम्पन्न गरि सकेको अवस्था रहेको छ । ठेक्का

वन्दोवस्त भएका योजनाहरुको निर्माण व्यवसायीहरुवाट समयमै कार्य संचालन र सम्पन्न नगरेको कारण लक्ष्य अनुसारको प्रगति हुन नसकेको अवस्था रहेको छ ।

आर्थिक वर्षको अन्तसम्ममा सम्झौता भएका पूँजीगततर्फ कार्यक्रमहरुमा ९० प्रतिशत प्रगति हुने आशा गरिएको छ । उपभोक्ता समितिहरु तथा ठेक्का मार्फत संचालन भएका योजनाहरुमा हुने ढिलासुस्ती, लापरवाही र कमसल निर्माण सामाग्री प्रयोग जस्ता समस्यालाई मध्यनजर राखी आगामी आर्थिक वर्षदेखि सहकारी संस्थाहरु, टोल विकास संस्थाहरुमार्फत पनि विकास निर्माणका कार्यहरु संचालन गर्ने नीति लिईनेछ ।

## ६. वजेटका उद्देश्यहरुः

- आर्थिक, सामाजिक, शैक्षिक र भौतिक पूर्वाधार विकास गरि समुन्नत र समाजवाद उन्मुख स्थानीय अर्थतन्त्रको विकास तर्फ अगाडि वढने ।
- कृषि, पशुपालन र लधुउधमशीलताको प्रवर्द्धन मार्फत आर्थिक गतिविधीमा गतिशिलता ल्याई आन्तरिक उत्पादनमा आधारित अर्थतन्त्रको विकास गर्ने ।
- पालिकामा उपलव्ध स्थानीय स्रोत साधन, अवसर र क्षमताको परिचालन मार्फत कृषि र उद्यमशीलताको क्षेत्रमा लगानी वढाई उत्पादनमा वृद्धि ल्याई रोजगारीको अवसर सृजना गर्ने ।
- सामाजिक, आर्थिक र सांस्कृतिक रुपले पछाडि परेका वर्गका लागि प्रवर्द्धनात्मक कार्य मार्फत सामाजिक न्यायको अनुभूती गराउने ।
- गाउँपालिकावाट प्रवाह हुने सेवालाई गुणस्तरीय सर्वसुलभ प्रविधिमैत्री बनाई सुशासन कायम गर्ने।

## ७. वजेटका प्राथमिकताहरुः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पु-याउने कार्यक्रम,
- उत्पादनमुलक तथा दिगो प्रतिफलको अनुभुति हुने, दिगो विकासमा टेवा पुग्ने आयोजना,
- शैक्षिक पूर्वाधार तथा जीवन उपयोगी शैक्षिक आधार निर्माणमा सहयोग पुग्ने आयोजना,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पु-याउने आयोजना,
- दिगो विकास वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पु-याउने कार्यक्रम,
- स्थानीय श्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने आयोजना,
- स्थानीय  विशेषको संस्कृतिको संरक्षण, पहिचान र प्रबर्द्धन गर्ने आयोजना,
- गाउँपालिकाले आवश्यक देखेका आयोजना तथा कार्यक्रमहरु,
- स्थानीय स्तरमा रोजगारीका अवसरहरुको सृजना गर्ने कार्यक्रमहरु,
- योजना बैंक तथा आवधिक योजनामा प्राथमिकीकरणमा परेका आयोजनाहरु,
- स्थानीय आधारभूत आबश्यक्ता तथा जनजिविकामा सहयोग पुग्ने कार्यक्रमहरु,

## ८. क्षेत्रगत कार्यक्रम र विनियोजनः

| क्षेत्रगत कार्यक्रम / विरण | विनियोजित रकम |
|---|---|
| **वडागत योजनाहरुको लागि** | रु. ४ करोड |
| **कार्यालय प्रशासन तथा प्रशासनिक तर्फ** | रु. १५ करोड ६२ लाख ८४ हजार |
| **शशर्त अनुदान चालु** | रु. २१ करोड ७४ लाख २५ हजार |
| **शशर्त अनुदान पूँजीगत** | रु. ७ करोड ३४ लाख |
| **आर्थिक विकास तर्फ** | रु. २ करोड ११ लाख |
| **पूर्वाधार विकास तर्फ** | रु. १७ करोड ३४ लाख २८ हजार ७ सय |
| **सामाजिक विकास तर्फ** | रु. ३३ करोड ६० लाख ४६ हजार ३ सय रुपयाँ |
| **बन वातावरण तथा विपद्** | रु. ४० लाख |
| **राष्ट्रिय रोजगार कार्यक्रम** | रु. ४९ लाख ९७ हजार |
| **प्रकोप व्यवस्थापन** | रु. १० लाख |
| **गत आ.ब.को भुक्तानी दायित्व** | रु. २ करोड लाख ६३ लाख |

## आदरणीय महानुभावहरु,

**९.** अव म माथि उल्लेख गरेका क्षेत्रगत नीति तथा कार्यक्रममा गरिएको बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न चाहन्छु।

१०. आगामी आर्थिक वर्ष २०८३/०८४ को कार्यक्रम कार्यान्वयन गर्न कुल रु. ७२ करोड ३१ लाख ५६ हजार बजेट विनियोजन गरेको छु।

**११.आगामी आर्थिक बर्षको खर्च व्यहोर्ने स्रोत मध्ये** वित्तिय समानिकरण संघीय, सरकारवाटः रु. १० करोड ८७ लाख, वित्तिय समानिकरण प्रदेश सरकारवाट रु. ८९ लाख ८१ हजार, संघीय सरकार राजश्व वाँडफाँडवाट रु. ११ करोड ८० लाख ,

प्रदेश सरकार वाँडफाँड रु. ४ करोड ५ लाख , स्थानीय राजश्व वाँडफाँडः २५ लाख, संघीय सरकार शसर्त चालु रु. २१ करोड ४९ लाख, संघीय सरकार शसर्त पूँजीगतः रु. ५ करोड ४ लाख, प्रदेश शसर्त अनुदान चालु रु. २ करोड ३० लाख, **प्रदेश** सरकार शसर्त अनुदान पूँजीगतः रु. २ करोड ३० लाख, प्रदेश सरकार शसर्त अनुदान चालू रु.२५ लाख २५ हजार , संघीय सरकार विशेष अनुदान पुँजीगत रु. १ करोड ७५ लाख, संघीय सरकार समपुरक अनुदान रु. २ करोड ६९ लाख, प्रदेश समपुरक अनुदानः रु. २ करोड ७९ लाख , प्रदेश सरकार विशेष अनुदान चालुः रु. ७० लाख, गत वर्षको अनुमानित संचितकोष वचत र अन्य प्राप्तिवाट रु. ४ करोड ५० लाख ,आन्तरिक आय बाट रु ३ करोड ब्यहोरिनेछ।

१२. अन्त्यमा, वजेट निर्माणको क्रममा मार्ग निर्देश गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, प्रवक्ताज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहान्छु । बजेट तर्जुमाको सिलसिलामा महत्वपूर्ण सुझाव प्रकट गर्नुहुने राजनैतिक दल, निजी क्षेत्र, संचारकर्मी तथा वजेट निर्माणको सिलसिलामा आ-आफ्नो तह तप्कावाट सहयोग पु-याउनु हुने सम्पूर्ण कर्मचारी वर्गहरु प्रति हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दै प्रस्तुत वजेट कार्यक्रमहरु कार्यान्वयनमा समेत रचनात्मक र सिर्जनात्मक सहयोगको अपेक्षा गर्दछु ।

..........................

**श्री चेख वहादुर थिङ**

**उपाध्यक्ष**